का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ चैत २०८०,
बिहीबार
14 March 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३० । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रधानमन्त्रीले पाए तेस्रोपटक विश्वासको मत

# फेरि जोगाउने चिन्ता




**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तेस्रो पटक विश्वासको मत पाएका छन् । गत फागुन २१ गते गठबन्धन फेरेर नेकपा एमालेसँग मिसिएपछि नेपाली कांग्रेसले समर्थन फिर्ता लिँदा प्रचण्डले विश्वासको मत लिनुपरेको हो । प्रतिनिधिसभामा बुधबार उपस्थित २६८ मध्ये प्रचण्डको पक्षमा १५७ र विपक्षमा ११० मत खसेको छ । मत दिन्न भन्ने पक्षमा १ मत खसेको छ ।

यस पटक प्रचण्डको पक्षमा एमाले, रास्वपा, जसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पृष्ठ २ मा



## कांग्रेस र एमालेबीच नोकझोक





**काठमाडौं/मस-** संसदमा बुधबार प्रमुख दुई राजनीतिक दलका बीचमा घोचपेच र नोकझोक चल्यो । कांग्रेसको गठबन्धनबाट माओवादी केन्द्रलाई आफ्नो पक्षमा ल्याएको एमाले सोही अनुसार प्रस्तुत भएको थियो भने आफ्नो नेतृत्वको गठबन्धनबाट माओवादी केन्द्रलाई लगेको भनी कांग्रेसले पनि एमालेको आलोचना गर्‍यो ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली सत्तापक्ष भएपछि गालीको राजनीति अन्त्य हुने आशा गरेको भनी ब्यंग्य गरे । शर्माले विगतमा ओलीले प्रचण्ड र माधव नेपाललाई होच्याएर बोलेको पनि स्मरण गराए । एउटा पूर्वप्रधानमन्त्रीले अर्को पूर्व प्रधानमन्त्रीको पृष्ठ २ मा

## गृहमन्त्रीमाथि संसदमै उठ्यो प्रश्न

गृहमन्त्रीमाथि उठेको प्रश्नको प्रधानमन्त्री प्रचण्डले बचाउ गरे । आफूतिर आए प्रधानमन्त्री दिने, नआए भ्रष्टाचारी ? भन्ने भन्दै प्रधानमन्त्रीले प्रतिपश्न गरे ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि संसदमै प्रश्न उठेको छ । सहकारी ठगी प्रकरणमा जोडिएका र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्था अनुसार स्वार्थ बाझिने मन्त्रालयमा जिम्मेवारी दिइएको भन्दै कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा, सचेतक सुशीला थिङ र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले प्रश्न उठाएका हुन् । उनीहरुले सहकारी ठगीको आरोप लागेका लामिछानेलाई गृहमन्त्री बनाएकोमा आपत्ति जनाउँदै राजीनामा समेत मागेका छन् ।

कांग्रेस महामन्त्री शर्माले लामिछानेको मुद्दा आगामी दिनमा पनि उठ्ने बताएका छन् । बुधबार प्रतिनिधि सभाको बैठकमा सुरुमै समय लिएर कांग्रेसकी सचेतक सुशीला थिङले गृहमन्त्री लामिछानेको योग्यतामा प्रश्न उठाएकी हुन् । उथलपुथल ल्याउँछु भन्ने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सहकारी ठगीमा मुछिएका व्यक्तिलाई गृहमन्त्री नियुक्त गरेको भन्दै उनले आलोचना गरिन् ।

'प्रधानमन्त्री प्रचण्डले कसरी मन्त्रीहरु





प्रधानमन्त्रीले सहकारी ठगीमा जोडिएका, पोखरा महानगरपालिकाले प्रतिवेदन दिएर अनुसन्धानमा रहेकालाई गृहमन्त्रीमा ल्याउनुभएछ, साँच्चिकै उहाँले उथलपुथल गरेर ल्याउनु भएछ ।

**सुशीला थिङ, सचेतक, कांग्रेस**

ल्याउनु भएछ भने सहकारी ठगीमा जोडिएका, पोखरा महानगरपालिकाले प्रतिवेदन दिएर अनुसन्धानमा रहेकालाई गृहमन्त्रीमा ल्याउनु भएछ, साँच्चिकै उहाँले उथलपुथल गरेर ल्याउनु भएछ' उनले भनिन् ।

सत्ता गठबन्धन फेरबदल हुँदा प्रधानमन्त्री प्रचण्डले एमाले र रास्वपालाई समेत समेटेर मन्त्रीमण्डल गठन गरेका थिए । प्रधानमन्त्री प्रचण्डले रास्वपा सभापति लामिछानेलाई उपप्रधानमन्त्री एवम गृहमन्त्री नियुक्त गरेका थिए ।

अब सहकारी ठगी प्रकरणमा अनुसन्धान होला कि नहोला भनेर थिङले प्रश्न गरिन्, । 'के नेपाल सरकारका प्रहरीले गृहमन्त्रीलाई स्यालुट गर्दै अनुसन्धानमा आफ्नो मुद्दामा आफैंलाई दोषी हो भन्न ठहर हुने गरी यो अनुसन्धान होला कि नहोला यो सम्मानीय प्रधानमन्त्रीज्यूले जवाफ दिने कि नदिने ?' उनले भनिन् ।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १७६ मा भएको व्यवस्था अनुसार स्वार्थ बाझिने मुद्दामा न्यायाधीशले फैसला गर्न मिल्दैन भनेर व्यवस्था गरिएको भए पनि आफ्नो मुद्दामा आफैं पृष्ठ २ मा

## प्रदेश प्रमुखहरुमा मधेशी छुटे !

**शिव विक/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

नवनियुक्त तीन प्रदेश प्रमुखले पद तथा गोपनीयताको शपथ लिएका छन् । गत सोमबार बसेको मन्त्रिपरिषद बैठकले मधेशमा सुमित्रा सुवेदी, गण्डकीमा डिल्लीराज भट्ट र सुदूरपश्चिममा नजिर मियालाई प्रदेश प्रमुख नियुक्ति सिफारिस गरेको थियो ।



मन्त्रिपरिषदको सिफारिस अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले उनीहरुलाई बुधबार प्रदेश प्रमुखमा नियुक्त गरेका हुन् । उनीहरुले बुधबार नै राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ पृष्ठ २ मा

## एकैपटक हटाइए त्रिभुवन विमानस्थलका ५४ प्रहरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत ५४ जना प्रहरी एकैपटक हटाइएका छन् । उनीहरु लामो समयदेखि विमानस्थलमा कार्यरत थिए । जिम्मेवारीबाट हटाइएकाहरुमा प्रहरी कार्यालय सहयोगीदेखि वरिष्ठ सईसम्म रहेका छन् । उपत्यका प्रहरी कार्यालय, रानीपोखरीले पाँच वर्षदेखि १६ वर्षसम्म विमानस्थलमै कार्यरत रहेका ती ५४ जना प्रहरी कर्मचारीलाई एकसाथ हटाउने निर्णय गरेको छ । उनीहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्यत्र सरुवा गरिएको हो । उपत्यका प्रहरी प्रमुख एआईजी दिपक थापाका अनुसार लमो समय विमानस्थलमा बसेका प्रहरी कर्मचारीलाई हटाएर उनीहरुको ठाउँमा नयाँ टिम परिचालन गरिएको छ । गृह मन्त्रालयका अनुसार स्क्रिनिङमा खटिएका ५० भन्दा बढिलाई हटाउने समेत तयारी छ । त्यसको तयारी स्वरुप विमानस्थल प्रशासनसँग समन्वय गरेर नयाँ टोलीलाई स्क्रिनिङ तालिम गराउन थालिएको छ । विमानस्थलमा लामो समयदेखि खटिएका प्रहरी अधिकृतहरु अवैध काममा सक्रिय भएको आरोप समेत लाग्ने गरेको छ । तर, प्रहरी अधिकारीहरु लामो समयदेखि एकैठाउँमा बस्नेभन्दा नयाँ टोली जाँदा काममा पनि प्रभावकारिता बढ्ने विश्वास रहेको छ ।

## वैदेशिक रोजगार विशेष

# पूर्वश्रममन्त्रीका निर्णयहरु छानबिन गर्न नयाँ मन्त्रीले बनाए समिति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अघिल्लो कार्यकालमा दिएका १६ बुँदे निर्देशन कार्यान्वयनमा लैजान सहसचिवको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको छ ।

मन्त्रालयले बुधबार सहसचिव गोविन्द प्रसाद रिजालको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको हो । समिति सदस्यमा उपसचिव मेघनाथ रिमाल र शाखा अधिकृत प्रकाश पन्थी रहेका छन् ।

मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै हालैका दिनमा वैदेशिक रोजगारी व्यवस्थापनसँग सम्बन्धित विशेषगरी पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्क, वैदेशिक रोजगारीमा जाने दक्ष श्रमिकका लागि अंग्रेजी भाषा आवश्यक हुनेसम्बन्धी विषय, दक्षिण कोरियामा ईपीएस प्रणालीबाट कामदार पठाइरहेको अवस्थाका बीच ई७ भिसामा समेत कामदार पठाउने विषय, विभिन्न देशबाट कामदार माग भइ आएकोमा मन्त्रालयबाट गठन भएको समितिबाट माग प्रमाणीकरण गर्ने विषयलगायतका सम्बन्धमा आएका समाचार, कामदारका गुनासा र सरोकारवाला संघसंस्थाबाट उठान भएका सवालहरु सम्बोधन गर्न समिति गठन गरेको बताएको छ ।

प्रधानमन्त्री प्रचण्डले तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीको कार्यकालमा भएका शुल्क वृद्धिसम्बन्धी विषयहरु तत्काल पृष्ठ २ मा

## मानसिक सन्तुलन गुमाएका धामीको कष्टपूर्ण घरफिर्ती

**काठमाडौं/मस-** वैदेशिक रोजगारका क्रममा मलेसियामा कार्यरत रहँदा मानसिक समस्यामा परेका बझाङको केदारस्यूँ गाउँपालिका - ७ निवासी दिपक बहादुर धामी लामो प्रयासमा नेपाल फर्किएका छन् । मान्यता प्राप्त चिकित्सकको प्रेसक्रिप्सन नभएको भन्दै नेपाल एयरलाइन्सले आफ्नो फ्लाइटमा चढाउन नमानेपछि दुई दिनभन्दा बढी समय मलेसियाको क्वालालम्पुर विमानस्थलमा अड्किएका धामीलाई मलेसियास्थित नेपाली दूतावासको पहलपछि हिमालय एयरलाइन्सको उडानमार्फत बुधबार बिहान नेपाल ल्याइएको हो ।

मानसिक समस्यामा परेका धामी



नेपालबाट गएको कम्पनी छोडेर काम गर्न गएका कारणले प्रक्रिया मिलाउन नै एक हप्ता लागेको थियो । व्यक्तिगत र गैरसरकारी पहल गर्दा कम्पनीले धामीलाई पृष्ठ २ मा

## २०७१ सालदेखि ठग्दै आएका साह ९ वर्षपछि प्रहरी फन्दामा

**काठमाडौं/मस-** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनले नक्कली सुन देखाएर नेपाल बैंकको ४ करोड र विभिन्न व्यक्तिहरुलाई अमेरिका पठाइदिन्छु भनि थप एक करोड गरी ५ करोड ठगी गरेर फरार रहेका व्यक्तिलाई बौद्धस्थित हायात क्यासिनोबाट पक्राउ गरेको छ ।

प्रहरीले सप्तरी कन्चनरुप वडा नं. ८ घर भएका टोकनाथ साहलाई बुधबार बिहान पक्राउ गरेको हो । साहले नेपाल बैंक लिमिटेडमा नक्कली सुन धितो राखी ४ करोड १४ लाख ८४ हजार कर्जा लिइ उक्त कर्जा नतिरी फरार भएपछि उच्च अदालत विराटनगरले उनलाई ९८ लाख ८५ हजार ५ सय ६४ रुपैयाँ बिगो र ३ वर्ष कैद पृष्ठ २ मा


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASY ASIAN CONSTRUCTION LTD. शहर: PHOENIX

पुर्व स्वीकृत मितिः २०८०/११/२९ चलानी नं.:६०२१६३२४ L.T. No.: 301345

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 110 | 0 | स. काममा दक्ष | 18331 | ५२८२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 75 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 3. | Barbender | 50 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 4. | Plasterer | 50 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 5. | Cook | 7 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 6. | Tiles Layer | 25 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 7. | Excavator Operator | 6 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 8. | Heavy Mechanic | 4 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 9. | Plumber | 10 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 10. | Electrician | 10 | 0 | | 18331 | ५२८२६ | | | | | | | |
| 11. | Engineer | 3 | 0 | | 25000 | ७२०४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १६ गते (29 March 2024) मा हुनेछ ।

साथै यसै कम्पनीको लागि Baker Sales Boy & Baker Maker को पनि आवश्यकता भएकोले इच्छुक व्यक्तिले मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. २०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

शुभ हारती म्यानपावर प्रा. लि.
बालाजु चोक, काठमाडौं, नेपाल, श्रम इजाजत नं.: ६०३/०६२/०६३
फोन नं.: ००९७७-०१-४९८७६२४

# ६ सय ५९ गर्भवती तथा सुत्केरीको हवाई उद्धार



**काठमाडौं/मस-** हालसम्म ज्यान जोखिममा परेका छ सय ५९ गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट कार्यान्वयन भइरहेको राष्ट्रपति महिला सशक्तीकरण परियोजनाअन्तर्गत राष्ट्रपति महिला उत्थान समन्वय एकाइ प्रमुख नीता शर्माले आर्थिक वर्ष २०७५/७६ देखि चालु आव २०८०/८१ को फागुन २८ सम्ममा सो सङ्ख्यामा गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको जानकारी दिइन्। उनका अनुसार दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको उक्त परियोजनाअन्तर्गत हवाई उद्धार गरिएको हो।

महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकको कार्यान्वयन गर्न, नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने गर्भवती तथा सुत्केरीको अवस्था, कारण र सम्भाव्य जोखिम वा मृत्युबाट बचाउन, सुरक्षित प्रसूति सेवा तथा नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने उद्देश्यले हवाई उद्धार कार्यक्रम सञ्चालन गरिएको एकाइ प्रमुख शर्माले बताइन्।

मन्त्रालयको तथ्यांकलाई प्रदेशगत रुपमा हालसम्म कोशीका एक सय ९०, बागमतीका एक सय दुई, गण्डकीका ३४, लुम्बिनीका १२, कर्णालीका दुई सय १७ र सुदूरपश्चिम प्रदेशका एक सय चार गरी छ सय ५९ जना गर्भवती तथा सुत्केरी महिलाको उद्धार भएको छ।

आव २०७५/७६ मा जम्मा २६ जनाको उद्धार भएको थियो। उक्त आवको प्रदेशगत विवरणअनुसार कोशीका पाँच, बागमतीका तीन, गण्डकीका तीन, लुम्बिनीका एक, कर्णालीका १३ र सुदूरपश्चिम प्रदेशका एक जना महिलाको हवाई उद्धार गरिएको मन्त्रालयले जनाएको छ। आव २०७६/७७ मा ८७, आव २०७७/७८ मा एक सय तीन, आव २०७८/७९ मा एक सय ६९, आव २०७९/८० मा एक सय ६७ र चालु आवको फागुन २८ गतेसम्म मुलुकभरबाट एक सय सात गरी छ सय ५९ ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको मन्त्रालयले जनाएको छ।

राष्ट्रपति महिला उत्थान समन्वय एकाइ प्रमुख शर्माले उपचाररत संस्थाले मन्त्रालयलाई सूचना दिएका आधारमा हवाई उद्धार कार्यक्रमको प्रक्रियालाई अगाडि बढाउँदै आएको बताइन्। उपचाररत स्वास्थ्य संस्थामा उपचार सम्भव नभएमा उक्त संस्थाले 'रेफर कार्ड'सहित सम्बन्धित गाउँपालिका, जिल्ला प्रशासन कार्यालयलाई सूचना प्रदान गर्ने गरेको शर्माले बताइन्।

आमनागरिकका लागि हवाई उद्धारको प्रक्रिया लामो भइरहेको, रात्रिकालीन सेवा उपलब्ध नरहेको स्वीकार गर्दै एकाइ प्रमुख शर्माले अबका दिनमा थप सहज, पहुँचयुक्त बनाई उद्धारका कार्यक्रमलाई प्रभावकारी बनाउन मन्त्रालय सकारात्मक रहेको बताइन्। उनका अनुसार नेपाली सेनाको हेलिकप्टरमार्फत हवाई उडान गर्दै आए तापनि उद्धारको सम्पूर्ण खर्च भने मन्त्रालयले बेहोर्दै आएको छ। मन्त्रालयले सडक यातायातको सहज पहुँच नपुगेका, तोकिएका दुर्गम हिमाली तथा पहाडी क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीलाई लक्षित गरी हवाई यातायातमार्फत नजिकका 'आमा सुरक्षा कार्यक्रम' लागू भएका सरकारी अस्पतालमा उपचारका लागि पुऱ्याउँदै आएको छ।

ताप्लेजुङ, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, मनाङ, मुस्ताङ, रुकुमपूर्व, रुकुमपश्चिम, जाजरकोट, डोल्पा, कालीकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, अछाम र दार्चुला गरी १९ जिल्लामा पूर्ण रुपमा हवाई उद्धार कार्यक्रम सञ्चालन भएका एकाइ प्रमुख शर्माले जानकारी दिइन्।

उनका अनुसार आंशिक रुपमा लागू भएका २९ जिल्ला छन्। करिब १८ घण्टाभन्दा बढी प्रशव व्यथा लागी बच्चा जन्माउन कठिनाइ भएमा, शिशु जन्मेको ३० मिनेटसम्म पनि सालनाल ननिस्केमा, गर्भमा बच्चाको मृत्यु भएमा, गर्भवतीको हात, खुट्टा र शरीर अधिक सुन्निएमा, अधिक रक्तस्रावलगायत समस्या देखापरेका महिलालाई ज्यान जोखिममा परेको अवस्थाका रुपमा लिइन्छ।

हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ बमोजिम हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालसम्म आएका महिलाको यातायात खर्चका लागि एकमुष्ट रु २० हजार उपलब्ध गराउँदै आइएको राष्ट्रपति महिला उत्थान समन्वय एकाइ कार्यालयले जनाएको छ।

# 'आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको विकासले सुरक्षा क्षेत्रमा नयाँ चुनौती थपिए'




**काठमाडौं/मस-** प्रधान सेनापति प्रभुराम शर्माले प्रत्येक राष्ट्र आफ्ना आधारभूत मूल्यमान्यताहरुको संरक्षणसहित राष्ट्रिय पहिचान, सार्वभौमसत्ता र अखण्डता कायम गर्दै जनतालाई सुरक्षित, भयरहित एवं आत्मसम्मानपूर्ण जीवन जिउन र आफ्ना गतिविधिहरु सञ्चालन गर्न प्रयत्नशील हुने बताएका छन्।

सैनिक कमाण्ड तथा स्टाफ कलेजमा आयोजित सि.सं.९ उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिमको शुभारम्भ गर्दै प्रधान सेनापतिले सोही अनुरुप हाम्रो राष्ट्रले पनि जनतालाई भौगोलिक, सामाजिक, आर्थिक एवं राजनीतिक रुपमा पूर्ण सुरक्षित राख्न विभिन्न नीति तथा रणनीतिहरु अख्तियार गर्दै आइरहेको बताए।

उनले बाह्य तथा आन्तरिक सुरक्षा वातावरणको अध्ययन र विश्लेषण गर्दै हाम्रो राष्ट्रिय हित र स्वार्थहरुको संरक्षणको लागि महत्वपूर्ण नीति तर्जुमा तथा कार्यान्वयन गर्न तालिमले टेवा पुऱ्याउने विश्वास व्यक्त गरे।

सम्बोधनकै क्रममा प्रधान सेनापतिले अन्तर्राष्ट्रिय मञ्चमा हाल भइरहेको द्वन्द्व एवं युद्धका घटनाहरुले शक्ति राष्ट्रहरु बीचको ध्रुवीकरण बढ्दै जानुका साथै विश्वमा नयाँ शितयुद्धको थालनी हुन लागेको आभास हुँदै गइरहेको बताए। उनले विश्वका शक्ति राष्ट्रहरु बीचको प्रत्यक्ष/परोक्ष टकराव, बदलिँदो राजनीतिक परिस्थिति र शक्ति केन्द्रको रुपमा स्थापित हुने होडबाजीले भौगोलिक एवं आर्थिक रुपमा साना मुलुकलाई आफ्नो अस्तित्वलाई अक्षुण्ण राख्न चुनौती थपिएको बताए।

उनले नेपालको सन्दर्भमा, संवेदनशील भूराजनीति, खुल्ला सिमाना र विभिन्न शक्ति राष्ट्रहरुको स्वार्थ पनि राष्ट्रिय सुरक्षा चुनौतीको रुपमा हेरिने गरिएको उल्लेख गर्दै आन्तरिक रुपमा बढ्दै गइरहेको धार्मिक तथा साम्प्रदायिक विवादहरुका साथै सुसुप्त अवस्थामा रहेका केहि विखण्डनवादी वा पृथकतावादी समूहका गतिविधिहरुले राष्ट्रिय सुरक्षामा प्रभाव पारिरहेको बताए। श्रम आप्रवासन, युवाहरुको पलायन, विभिन्न युद्धरत देशहरुका सेनामा नेपालीको संलग्नता, जलवायु परिवर्तनको बढ्दो असर, अतिवृष्टि, अनावृष्टि, सुक्दै गएका पानीका स्रोतहरु, चुरे विनाशका कारण तराईमा परिरहेको असर र त्यसबाट हाम्रो खाद्य सुरक्षामा पर्ने प्रभाव, विपद् तथा पर्यावरण सिर्जित मृत्युदरमा भइरहेको वृद्धिहरु हाम्रा लागि मानव सुरक्षाका दृष्टिकोणले विचार गर्नुपर्ने महत्वपूर्ण विषयहरु भएको उनले बताए।

प्रधान सेनापतिले सूचना प्रविधि एवं आर्टिफिसियल इन्टेलिजेन्समा आधारित प्रविधिको विकासले सुरक्षा क्षेत्रमा नयाँ चुनौतीहरु थप्नुका साथै सैन्य रणनीति र सिद्धान्तलाई पुनःपरिभाषित गर्न खोजिरहेको हुँदा यस्ता नविनतम प्रविधिले ल्याएका समस्या र त्यसबाट जनमानसमा परिरहेको प्रभावलाई पनि सम्बोधन गर्न उत्तिकै जरुरी रहेको बताए।

## प्रधानमन्त्रीले...

पार्टी उभिए। स्वतन्त्र सांसदहरु अमरेश सिंह, योगेन्द्र मण्डलको मत पनि उनले पाए। प्रतिनिधि सभामा एमालेका ७८, माओवादी केन्द्रका ३२, रास्वपाका २१, जसपाका १२, एकीकृत समाजवादीका १० र नागरिक उन्मुक्तिका ४ सांसद छन्। प्रचण्ड २०७९ पुस १० गते प्रधानमन्त्रीमा भएका थिए। यसअघि उनले २०७९ पुस २६ गते विश्वासको मत लिएका थिए। त्यतिबेला संसद्मा उपस्थित दुई सय ७० सांसदमध्ये दुई सय ६८ जनाले प्रचण्डलाई विश्वासको मत दिएका थिए। राष्ट्रपति निर्वाचनपछि सत्ता गठबन्धन फेरियो। सत्ता गठबन्धन फेरिएपछि २०७९ चैत ६ गते पुनः प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिए। त्यसबेला प्रचण्डले १७२ मत पाएका थिए। यसपटक १५७ मत पाएका छन्।

## कांग्रेस...

कुरा गर्दा 'मुख कुल्ला गर्छस' भनेको भन्दै ओलीलाई कटाक्ष गरे। एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसलाई सरकार परिवर्तनमा आफ्नो भूमिका हेर्न अनुरोध गरे। आफूले दुई महिनामा सरकार ढाल्दा अस्थिरता नहुने अहिले १४ महिनामा सरकार ढाल्दा कसरी अस्थिरता भयो भनेर प्रश्न गरे।'सरकार परिवर्तन भएको छ, यो स्वाभाविक छ। हामीले प्रतिस्पर्धाको प्रणाली ल्यायौं। बहुमत कसैसँग छैन, अस्थिरताको खेती यहाँहरूले गर्नुभएको हो', ओलीले भने, 'पोहोर दुई महिनामा सरकार परिवर्तन गर्दा अस्थिरता लागेन, अहिले एक वर्ष १४ महिनापछि सरकार परिवर्तन गर्दा के को अस्थिरता भयो ? पोहोर अस्थिरता भएको थिएन त ? पोहोर साल दुई महिना पनि नपुगिकन शान्त, स्थिर भइकन सरकार परिवर्तन गरेको होइन ?' एमाले अध्यक्ष ओलीले कांग्रेसलाई ऐनामा हेरेर बोल्न समेत आग्रह गरे। ओलीले कांग्रेसलाई अरूको एकतामा भाँजो हाल्ने गरेको आरोप समेत लगाए।

२०७९ पुस १० गते नेकपा एमाले-माओवादी केन्द्रसहितको दलको सहभागितामा प्रचण्डको नेतृत्वमा गठबन्धन सरकार बनेको थियो। तर प्रधानमन्त्री प्रचण्डले दुई महिनामै एमालेसँगको सम्बन्ध तोडेर कांग्रेससँग गठबन्धन बनाउँदा एमालेका मन्त्रीहरु सरकारबाट बाहिरिएका थिए भने केही प्रदेशमा मुख्यमन्त्री नै परिवर्तन भएका थिए।

कांग्रेसले प्रचण्डलाई राजनीतिक बेइमान भनेको छ। प्रतिवाद गर्दै एमालेका अध्यक्ष ओलीले अरुलाई बेइमान भन्नुअघि आफ्नो विगत सम्झिन आग्रह गरे। अध्यक्ष ओलीले कांग्रेसले धोका भएको भनेकामा पनि आश्चर्य लागेको बताए।

'नेपाली कांग्रेसले रोस्ट्रममा उभिएर जुन इमानको कुरा गऱ्यो त्यसले अचम्म लाग्यो। कसरी भन्न सकेको होला, ढुक्कैले ?', ओलीले भने, 'एउटा औला अरुलाई देखाउँदा अरु औला आफूतिर फर्किन्छन् भन्ने बिर्सिनु हुँदैन।' ओलीले आफूलाई कांग्रेससँग भनाभन गर्न मन नलागेको भन्दै कांग्रेसलाई इमानको खानी र वाचा बन्धनमा अडिएको नठान्न आग्रह गरे। 'साह्रै वाचावन्धनमा अडिएको, इमानै इमानको खानी, बेइमानी भनेको थाहै नपाएको, गर्दै नगर्ने, देख्दै नदेखेको भन्दा आश्चार्य मात्रै व्यक्त गरेको हो' एमाले अध्यक्ष ओलीले भनेका छन्।

ओलीले संविधान निर्माणपछि आफ्नो नेतृत्वमा सरकार बनाउने सहमति भइसकेको अवस्थामा कांग्रेसले धोका दिएको स्मरण गरे।

'०७० सालको चुनावपछि नेपाली कांग्रेसको बहुमत थिएन। तर हाम्रोभन्दा दुई सिट भए पनि बढी थियो, त्यसैले उसले प्राथमिकता पाओस्। नेपाली कांग्रेसको नेता प्रधानमन्त्री हुनुहोस्, त्यसपछि हामी बनौंला भनेर मैले नै भनेको थिएँ', उनले भने, 'पछि त सहमति पालना गर्नु कता हो कता। आफैं उम्मेदवार हुन पुग्नुभयो।' २०७२ असोजमा संविधान जारी भएपछि प्रमुख दलहरुबीच एमाले अध्यक्ष ओली प्रधानमन्त्री बन्ने सहमति भएकामा कांग्रेसका तत्कालिन सभापति सुशील कोइरालाले उम्मेदवारी दिएका थिए। यद्यपि ओली नै प्रधानमन्त्रीमा निर्वाचित भएका थिए।

## गृहमन्त्रीमाथि...

न्यायाधीश हुन पाउने व्यवस्था हुने गरी गृहमन्त्री बनाएर ल्याइएको भन्दै विरोधसमेत जनाइन्।

तर, गृहमन्त्रीमाथि उठेको प्रश्नको स्वयम प्रधानमन्त्री प्रचण्डले बचाउ गरेका छन्। आफूतिर आए प्रधानमन्त्री दिने, नआए भ्रष्टाचारी ? भन्ने भन्दै प्रधानमन्त्रीले प्रतिपश्न गरे। 'तीनै रवि लामिछानेलाई प्रधानमन्त्री बनाउन हिँडेको देखिरहेका छौं' उनले भने, 'आफूतिर आए प्रधानमन्त्री बनाउन तयार, नआए भ्रष्टाचारी, कारबाही गर्नुपर्छ, यस्तो डबल स्ट्यान्ड।'

## प्रदेश...

लिएका छन्। यी तीनजना मध्ये सुवेदी र भट्ट ब्राह्मण समुदायका हुन्। मिया मुश्लिम समुदायका हुन्। अन्य प्रदेशहरुमा कोशी प्रदेशमा पर्शुराम खापुङ, बागमती प्रदेशमा यादवचन्द्र शर्मा, लुम्बिनीमा अमिक शेरचन र कर्णालीमा तिलक परियार छन्। यी चार प्रदेश प्रमुखमा पनि मधेशी समुदायको प्रतिनिध्व छैन।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका सांसद रामप्रकाश चौधरीले प्रदेश प्रमुख सिफारिशमा मधेशीलाई बेवास्ता गरिएको बताउँछन्। नयाँ सरकार गठन भएसँगै प्रदेश प्रमुख परिवर्तन गरिनु र नयाँ सिफारिश गरिँदा मधेशी अनुहार नदेखिएको भन्दै उनले असन्तुष्टि जनाए।

## पूर्वश्रममन्त्रीका...

कार्यान्वयन नगर्न एवम् कतिपय विषयहरु विस्तृत अध्ययन गरेर कार्यान्वयन गर्न निर्देशन दिएका थिए। समितिलाई २१ दिनभित्र राय सुझावसहितको प्रतिवेदन पेश गर्ने कार्यादेश छ।

## मानसिक...

नेपाल फर्कन नदिएपछि नेपाली दूतावासले नै कम्पनीसँग कुरा गरेपछि मात्रै धामीलाई नेपाल पठाउन कम्पनी सहमत भएको थियो। धामीलाई नेपाल फर्काउन शुरुवातमा १५ सय रिंगेट जम्मा गरेका नेपालीले मलेसियामा यताउता गर्दा उक्त रकम सकिएपछि थप १ लाख ८० हजार नेपालबाट मगाएर टिकट लिनुपरेको उद्धारमा सक्रिय समाजसेवी चक्र मल्लले बताएका छन्। मानसिक समस्यामा परेका धामीलाई नेपाल फर्काउन उनलाई पठाउने म्यानपावर कम्पनी लालधनुष इनन्टरनेशनल सर्भिस प्रा.लि., मलेसियास्थित नेपाली दूतावास, गैरआवासीय नेपाली संघ, मलेसियास्थित विभिन्न व्यक्ति तथा सामाजिक संघसंस्थाले महत्वपूर्ण सहयोग गरेका छन्।

त्यस्तै दूतावासका प्रथम सचिव प्रेम बहादुर बुढथापा र बलिराम प्रसाद धामी, टेक बहादुर बुढा, सुदूरपश्चिम मलेसिया तथा साउदी समाजमा आबद्ध सदस्यहरु, प्रवासी नेपाली मञ्च मलेसिया र राष्ट्रिय स्वतन्त्र पार्टी मलेसियाले उनको उद्धारका लागि विशेष पहल गरेका थिए।

## २०७१ सालदेखि...

सजायको फैसला सुनाएको थियो।

त्यसका अतिरिक्त साह विभिन्न व्यक्तिहरुलाई वैदेशिक रोजगारका अमेरिका पठाउने भनि एक करोड रुपैयाँ ठगी गरेर फरार भएका थिए। उनी हायात क्यासिनोमा आएको सूचना पाएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनका डीएसपी गोविन्द पन्थीको नेतृत्वको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो। साहले युवा युवतीहरुलाई विदेश पठाउने प्रलोभनमा पार्न रवाफपूर्ण व्यवहार देखाउने, आफू अमेरिकाका सम्पूर्ण ठाउँ घुमे जसरी व्याख्या गर्ने र डिमाण्डको कोटा थोरै भएकाले पहिला जो आउँछ उही जान्छ भनि दबाब प्रभावमा पारी ठगी गर्ने गरेको खुलेको प्रहरीले बताएको छ।

त्यतिमात्र नभइ आफूलाई दिपक सोनी भनेर पनि चिनाइ विभिन्न व्यक्तिलाई प्रयोग गर्ने गरेको र साहले विभिन्न कम्पनीका १५ थान सिम प्रयोग गरेको खुलेको पनि प्रहरीले बताएको छ। साहलाई उच्च अदालत विराटनगरबाट भएको ३ वर्ष कैद र ९८ लाख ८५ हजार ५ सय ६४ रुपैयाँ बिगो फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौं पठाइएको प्रहरीले बताएको छ। साह पक्राउ परेपछि अपराधबाट बच्न एकछिन भागे पनि सधैं उम्कन नसकिने दृष्टान्तको पुनःपुष्टि भएको भन्दै डीएसपी पन्थीका कार्यशैलीले चर्चा र प्रशंसा भएको छ।

## राहदानी हरायो

मिति २०८०/११/०१ गतेका दिन सामाखुसीदेखि न्युरोडसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने व्यक्तिले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु।

नामः दिनेश नापित
राहदानी नं.: ११८६९६४२
ठेगानाः का.जि.म.न.पा. २६, काठमाडौं
सम्पर्क नं.: ९८६३९४५७४४


## SAUDI ARABIA र UAE मा रोजगारको अवसर

कम्पनी : MODERN BUILDING LEADERS CO. LTD — शहर : Saudi Arabia, Riyad
पूर्व स्वीकृत मितिः २०८०/११/२९ — चलानी नं.: ६०२१६४६२ — LT. No.: 301470

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 39 | 0 | स. काममा दक्ष | 1100 | ३५,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : KANAANDECOR — शहर : UAE, Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८०/११/३० — चलानी नं.: ६०२१६४६१ — LT. No.: 301471

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter Assistant | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० चैत ८ गते (21 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताचिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029


## छत्रकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।११।३०**

यस कार्यालयद्वारा देहायका कार्यका लागि मिति २०८०।१०।१७ गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम मिति २०८०।११।१८ गते खोलिएको निम्न ठेक्कामा मूल्याङ्कन समितिको मिति २०८०।११।२९ गतेको निर्णय अनुसार देहाय अनुसारको बोलपत्र सिफारिस भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ र ४७ को प्रयोजनार्थ यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | छनौट भएको फर्म | कबोल अंक (भ्याट र पि.एस. समेत) | कैफियत |
|---|---|---|---|---|
| १. | CRM/Gul/W/NCB-08/080-81, Upgrading of Guntung Jherdi Sisne Road | श्री फ्लाई ड्रिम कन्सट्रक्सन रुरु क्षेत्र ४ गुल्मी | रु १९,९४,५०२.९३ | |
| २. | CRM/Gul/W/NCB-09/080-81, Construction Of Nagarik Aragya Kendra | श्री निलकण्ठ कन्स्ट्रक्सन रुरु क्षेत्र ५ गुल्मी | रु २३,३८,७४१.८२ | |

**प्रमुख प्रशासकीय अधिकृत**


## युएईमा रोजगार

कम्पनी: SAWAEED EMPLOYMENT LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/११/३० — चलानी नं.: ६०२१६४६३ — L.T. No.: 301582

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/labor | 150 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 25 | 0 | | 1200 | ४३,१७६ | | | | | | | |
| 3. | Scaffolder | 30 | 0 | | 1200 | ४३,१७६ | | | | | | | |
| 4. | Shuttering Carpenter | 25 | 0 | | 1200 | ४३,१७६ | | | | | | | |
| 5. | Steel Fixer | 25 | 0 | | 1200 | ४३,१७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० चैत ८ गते (21 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ७३०/०६४/०६५
PRESTIGE ASSOCIATES PVT. LTD.
Baneshwor, Kathmandu, Nepal
Phone No. : 4104101 | 4466770 | 9702624732

## मलेशियामा रोजगार

KOZATO KIZAI (M) SDN. BHD., MALAYSIA
पुर्व स्विकृति मितिः 2080/11/30 — चलानी नं. ६०२१६४०२ — LT No. 301529

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 1500 | 42441 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः २०८० चैत्र ०८ गते (21 March 2024) मेनपावर कार्यालयमा हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्चः निःशुल्क

तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

## मलेसियामा बैदेशिक रोजगारको अवसर

1. कम्पनी :PK GLOBAL SECURITY SERVICES SDN BHD — शहरः Malaysia, JALAN
पूर्व स्वीकृती मिति : २०८०/११/२९ — चलानी नं.६०२१६३९३ — LT No. 301412

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 30 | काममा दक्ष | 1500 | ४२,४४५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

2. कम्पनी :TEMPERLITE INSULATION SDN BHD — शहरः Malaysia,SEPANG — पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०८०/०२/०४ — चलानी नं.६०२०१६४० — LT No. 286263

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 12 | काममा दक्ष | 1500 | ४२,४४५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८० चैत ८ गते (21 March, 2024) मा हुनेछ।

बैदेशिक रोजगार बिभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला।

Empire International Pvt. Ltd.
Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np

# मधेशमा अझै हटेन दाइजो प्रथा, बढ्दै लेनदेनको आकार

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ३० फागुन



मधेश प्रदेशमा अझै दाइजो प्रथा हट्न सकेको छैन् । सुनको सिक्री नदिएको बहानामा विवाह नै रद्द गर्ने मधेशको पछिल्लो घटनाले नेपाली समाजलाई तरङ्गित बनाएको छ ।

मधेशको वीरगन्ज महानगरपालिका कार्यालयको कम्प्युटर अपरेटर पदमा कार्यरत बारा कलैया उपमहानगरपालिका-४ बस्ने २८ वर्षीय उमेश कुमार साह गोढले बेहुली पक्षले दाइजो नदिएको भन्दै विवाह नै रद्द गरेका हुन् ।

उनले विवाहका लागि बेहुली पक्षसँग नगद १२ लाख रुपैयाँ, मोटरसाइकलका लागि ३ लाख २५ हजार रुपैयाँ, ल्यापटप एक थान र सुनको औंठी तथा सुनको सिक्री डिमान्ड गरेका थिए ।

उनको डिमान्डलाई पूरा गरेका बेहुली पक्षले नगद र जिन्सीमध्ये सुनको सिक्री नदिँदा हुनै आँटेको विवाह बेहुलाले रद्द गरिदिएका थिए ।

तथापि बेहुली पक्षले साहसिक कदम उठाउँदै प्रहरीमा उजुरी दिएपछि बेहुलासहित ६ जनालाई प्रहरीले नियन्त्रणमा लिइ अनुसन्धान अगाडि बढाएको छ ।

यो त एक प्रतिनिधि घटना मात्रै हो । मधेशमा वर्षेनी यस्ता घटनाहरु सार्वजनिक हुँदै आएका छन् । धनुषा जनकपुर उपमहानगरपालिका-९ बस्ने २२ वर्षीया आरती साहलाई दाइजोको निहुँमा हत्या गरिएको भन्दै उनका परिवारले सत्यतथ्य छानबिन गरी न्याय दिनुपर्ने माग राख्दै २०८० साल असार १ गतेदेखि काठमाडौंको अनशनरत बस्दै आएका थिए । मृतक साह परिवारसँग मंगलबार मात्रै सरकारले पाँच बुँदे सहमति गरेको छ ।

मधेशमा छोरीलाई विवाह गरेर पठाउँदा साथमा नगद, जिन्सी र गरगहना समेत पठाउने कुसंस्कारलाई दाइजो भन्ने चलन छ । यस्तो प्रथालाई कानूनी रुपमै बन्देज गरिदिएको भएता पनि दाइजो उन्मुलनका अनेकौं प्रयासकाबीच यो प्रथा अझ बढ्दै गएको पाइन्छ । छोरीको विवाह गर्दा बेहुलालाई साथमा दिने साइकल, घडी, टिभी र केही नगदको चलन बढेर मोटरसाइकल,ल्यापटप,गरहना र लाखौं लाख नगद लेनदेनसम्म गर्ने गरेको पाइन्छ ।

दाइजो उन्मुलनका लागि शिक्षामा जोड दिनुपर्ने भनाइलाई उछिन्दै अचेल छोराछोरी जति बढी पढेलेखेका छन्, त्यही अनुपातमा उनीहरुले दाइजोको माग गर्न थालेको पाइन्छ ।

**लेनदेनको आकार बढ्दै**

मधेशमा दाइजो स्वरुपमा हुने लेनदेनको आकार बढ्दै गएको पाइन्छ । दाइजोको रुपमा पठाउने धनमालकाबीच अचेल मानदानदेखि खानपानसम्ममा बेहुला पक्षले डिमाण्ड गर्न थालेका छन् ।

बेहुली पक्षको आर्थिक सामाजिक स्तरको ख्यालै नगरी बेहुलापक्षले लत्ताकपडादेखि डालीपातीसम्म माग्ने गरेको देखिन्छ ।

मधेशमा खानपिनकै विषय लिएर बेहुला र बेहुलीपक्षमा भएको हानाहानले भाँडिएको विवाह सोमबार राती सम्पन्न भएको छ । विवाहमा आएको जन्तीलाई माछा नखुवाएको भन्दै बेहुला पक्षले विवाद गरेपछि पर्सा जिल्लाको बिन्दबासिनी गाउँपालिका-४ को मधुवल टोलमा दुवैपक्षबीच कुटपिट नै हुन पुग्यो । कुटपिटबाट भाँडिएको सो विवाह भने दुवै समाजको पहलमा पुनः हुन पुग्यो ।

बेहुलाको विवाहमा उनको साथ हिँड्ने जन्तीलाई आदर सत्कारलाई खानपिनसँग जोडिएको देखिन्छ । यस्तो शैलीमा हुने वैवाहिक प्रक्रियामा थप समस्याहरु निम्तिने गरेको छ । छोरीको विवाह गर्नेबेला कुटुमसँग सुमधुर सम्बन्ध बनाई जीवनभर छोरीको मुहारमा मुस्कान खोज्ने आमाबुबाले दाइजोलाई नै महत्व दिएको बुझिन्छ । हरेक सन्तानका अभिभावकले छोरीलाई सम्पन्न घरमा विवाह गराउन ऋण काढेर भएपनि बेहुला पक्षको डिमाण्डसामु नतमस्तक हुने गरेका छन् ।

# एमाले मधेश प्रदेशको प्रवक्तामा भण्डारी चयन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० फागुन



नेकपा एमाले मधेश प्रदेश कमिटीको प्रवक्तामा आरती भण्डारी चयन भएकी छन् । कमिटीको रौतहट चन्द्रनिगाहपुरमा बसेको बैठकले प्रवक्तामा भण्डारी चयन गरेको हो ।

लामो समयदेखि राजनीतिमा सक्रिय रहेकी भण्डारीले नेकपा एमाले मधेश प्रदेश कमिटीको प्रवक्ताको जिम्मेवारी समेत पाएकी हुन् । बैठकले भण्डारीलाई प्रचार तथा प्रकाशन विभाग प्रमुखको जिम्मेवारी दिएको जनाएको छ ।

नेकपा एमाले मधेश प्रदेश कमिटीको उपसचिव समेत रहेकी भण्डारीले आफुले पाएको जिम्मेवारीलाई कुशलता पूर्वक निर्वाह गर्ने बताएकी छन् । बैठकले जनसंगठन र विभागको प्रमुख तोक्नुका साथै प्रदेश कमिटी सदस्यहरुको कार्य विभाजन गरेको एमाले सचिव तथा प्रदेश इन्चार्ज योगेश भट्टराईले सामाजिक सञ्जालमार्फत जानकारी दिएका हुन् । यस्तै संगठन विभाग प्रमुखमा चन्देश्वर मण्डल, स्थानीय विकास विभागको प्रमुखमा बिचारी यादव, जनसंगठन समन्वय संयन्त्र प्रमुखमा मनोज पौडेल, आर्थिक विभाग प्रमुख महम्द कैस, पार्टी स्कुल विभागमा शंकर महत्तो र सहकारी तथा गरिवी निवारण विभागमा अम्बिका चौलागाईंलाई प्रमुखको जिम्मेवारी दिइएको छ ।

**मोटरसाईकल हरायो**

मिति २०८०/११/१८ गते साँझ अ. १८:०० बजेको समयमा का.प.जि. बनेपा न.पा.-०७ स्थित जेरी नेवारी खाजाघर अगाडी पार्किङ गरि राखेको बा.प्र.-३-०२-००७ प-१७६९ नम्बर कालो रङको 220 cc बजाज कम्पनीको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी : कस्मिक बचत तथा ऋण सहकारी संस्था लि. (ऋणी बम बहादुर तामाङ)**
**ईन्जिन नं.** : DKYCKA88669
**च्यासिस नं.** : MD2A13EY1KCA 80120
**सम्पर्क नं.** : **९८४११०१२१६**

**रामारोशन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शान्तडा, अछाम**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय पत्र**

**प्रकाशित मिति २०८०।१२।०१**

यस कार्यालयबाट मिति २०८०।१०।२१ गतेको राष्ट्रिय दैनिक मध्यान्ह पत्रिकामा बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रित पूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्रही आएका निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. स. | कामको विवरण। ठेक्का नम्बर | सारभुत रुपमा प्रभावग्रही बोलपत्रदाता | कबोल अङ्क रु. (भ्याट बाहेक) |
|---|---|---|---|
| 1. | Sutar Swashtya Chauki Bhawan Nirman Ward No 7 NCB/RRM/W/2/2080/081 | Shree Ratna Nirman Sewa | 3,586,115.05 |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

**सोरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जिमा, मुगु**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८०/११/३०**

यस कार्यालयबाट तपशिलमा उल्लेखित योजना निर्माणको लागि राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिम न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रायोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि न | ठेका नम्बर | कामको विवरण | छनोट भएका बोलपत्रदाताहरु | स्वीकृत रकम रु (VAT and PS) सहित |
|---|---|---|---|---|
| १ | SRM/MUGU/NCB/WORKS/LISP/C/04/2080– 81 | Gulma and Sipa Khola culvert construction Works | Rabi Chakra / Hemlok JV | 1,08,34,805.49 |

**प्रमुख प्रशालकिय अधिकृत**

# शान्तिपूर्ण ढंगले होली मनाउन नगरप्रमुख जयसवालको आग्रह




**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३० फागुन

रौतहटको कटहरिया नगरपालिका वडा नं ८ पिप्रा पोखरीयामा होली मिलन तथा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

वडा अध्यक्ष समिस बिक्रम शाहको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि कटहरिया नगरपालिकाको नगर प्रमुख अजयप्रकाश जयसवाल रहेका थिए । उनले भाइचारा र सद्भावका रुपमा शान्तिपूर्ण ढंगले हर्षोल्लासपूर्वक होली पर्व मनाउन आह्वान गरेका छन् ।

पोखरियाको विकासमा सबै जना हाथोमालो गरी लाग्नुपर्नेमा उनले जोड दिए । अरुको खुटा तान्ने काम गर्नु भन्दा राम्रो विकासको काममा एकजुट भएर लाग्नु पर्ने उनले बताए ।

होली मिलन कार्यक्रममा कार्यपालिका सदस्य मनोज जयसवाले होली पर्वको शुभकामना आदान प्रदान गरेका थिए । समारोहमा एक-आपसमा रंगहरु दलेर उत्सव मनाइएको थियो भने लोप हुँदै गरेको बाजा र गीत प्रस्तुत गरिएको थियो ।

# आगलागी पीडितलाई राहत



**मध्यान्ह संवाददाता**
रौतहट, ३० फागुन

रौतहट राजदेवी नगरपालिका वडा नं ७ मुडवलवामा आगलागी पीडितलाई राहत सामग्री हस्तान्तरण गरिएको छ ।

मंगलबार भएको आगलागीबाट पीडित परिवारलाई नगर प्रमुख भिखारी प्रसाद यादवले राहत सामग्री हस्तान्तरण गरेका हुन् ।

नगरपालिकाको वडा नं ७ मुडवलवामा आगलागी हुँदा तीन घर जलेर नष्ट भएको थियो । आगलागीबाट कौलाश राउत बरई, शत्रुधन साह, हृदय साहको घरमा क्षति पुगेको छ । घटनाको जनकारी भएलगतै आगलागी नियन्त्रण गर्न नगर प्रमुख यादवको पहलमा समयमै बरुण यन्त्र, सशस्त्र प्रहरी, स्थानीय लगायत नगरपालिका नगर प्रहरीलाई बोलाई आगोलाई नियन्त्रणमा लिइएको थियो । नगर प्रमुख यादवले आगो नियन्त्रण गराइ पीडित परिवारलाई चामल, दाल, आलु, त्रिपाल लगायतका खाद्यन्न सामग्री सहयोग गरेका छन् ।

**Dhorpatan Municipality**
**Office of the Municipal Executive**
**Burtibang, Baglung**
**Gandaki Province, Nepal**

**Invitation for Electronic Bids**

**First Publication Date: 2080/12/01 (B.S.)**

The ***Dhorpatan Municipality, Office of the Municipal executive Burtibang Baglung*** has allocated fund towards the procurement of below mentioned contracts. Bidding is open to all registered & eligible Nepalese Bidders.

| S.N. | Name of Project | Contract ID No. | Fee for Bidding Document(NRs.) | Bid Securities Amount (NRs.) | Estimated Amount (Without VAT and Contingencies) |
|---|---|---|---|---|---|
| 1. | Construction of Uttarganga School Compound, Dhorpatan-01 Baglung | DM/NCB/ 2080/81-04 | Rs.3,000 (Rs Three Thousand Only) | Rs 64,000 (Sixty-Four Thousand Only) | Rs. 21,12,942.91 |
| 2 | River Training Works at Phalamkhani Village, Dhorpatan-04 Baglung | DM/NCB/ 2080/81-05 | Rs.3,000 (Rs Three Thousand Only) | Rs 1,30,000 (One Lakhs Thirty Thousand Only) | Rs.42,56,048.79 |

1. Bidding will be conducted through the national competitive bidding procedures specified in the Public procurement Act 2063 and regulation 2064.
2. Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp for further Information.
3. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
4. For Further Information, contact: Dhorpatan Municipality, Office of Municipal Executive, Burtibang Baglung.

**Chief Administrative Officer**



मध्याह्न
www.madhyanhadaily.com
१ चैत २०८०, बिहीबार
14 March 2024, Thursday

## सम्पादकीय

### उत्पीडितलाई सधैं उपेक्षा

गत वर्ष १० पुसमा प्रधानमन्त्री बनेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बुधबार तेस्रोपटक विश्वासको मत लिएका छन् । विश्वासको मत लिनुअघि साता दिनभित्रै तीन पटक गरेर प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठन गरेका थिए । २७ फागुनमा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई उपप्रधानमन्त्री सहित स्वास्थ्य तथा जनसंख्या मन्त्री र सोही दलका नवलकिशोर साहलाई वन तथा बातावरण मन्त्री नियुक्त गरेका थिए । प्रधानमन्त्री प्रचण्डको मन्त्रिपरिषद् यो १५औं पटक पुनर्गठन भएको थियो । तर यसपटकको मन्त्रिपरिषद् दलितविहीन बनेको छ । सबै मन्त्रालय भागबण्डा भइसकेकाले संभवतः दलित समुदायाट अब राज्य मन्त्रीसम्म बन्न सक्छन् । यसपटक मात्रै नभएर यसअघि पटकपटक मन्त्रिपरिषद् पुनगर्ठन हुँदा पनि प्रचण्डले मन्त्रालयको नेतृत्व गर्नेगरी दलित समुदायबाट मन्त्री बनाएका थिएनन् ।

जबकी तीनपटक सत्ता गठबन्धन परिवर्तन भइसक्दा संसद्का लगभग सबै दलबाट मन्त्री बनिसकेका छन् । तर प्रचण्डले दलितलाई देखाउनकै निम्ति राज्यमन्त्री नियुक्त गर्दै आएका छन् । त्यही नियतिलाई दोहोर्‍याउन सक्ने ठाउँ प्रचण्डसँग बाँकी छ । जबकी समावेशी राज्य संरचनाको वकालत गर्नेमा समकालीन नेताहरू मध्ये आफू एक्लो हकदारका रूपमा प्रचण्डले दावी गर्दै आएका छन् । तर तिनै नेताले मुलुकको नेतृत्व गरिहँदा राज्यका प्रमुख निकायहरू पूर्णतः असमावेशी बनेको छ । राष्ट्रपति र उपराष्ट्रपति दुवै पुरुष छन् । प्रधानमन्त्री र सभामुख एउटै समुदाय र लिङ्गबाट प्रतिनिधित्व गर्छन् । कर्मचारी, सेना र प्रहरीको नेतृत्वदेखि संवैधानिक निकायका नेतृत्व पनि एउटै समुदाय (खसआर्य)बाट छन् ।

यस्तो असमावेशी संरचनाको सवैभन्दा तल फेरि पनि दलित समुदाय नै देखिएको छ । सेना, कर्मचारी र प्रहरी स्वतः बढुवा हुँदै जाने पद भएकाले नेतृत्वले चाहँदैमा तत्काल समावेशी हुन सक्दैन । बाँकी क्षेत्रको नेतृत्वलाई समावेशी बनाउने वा नबनाउने नेतृत्वकै इच्छाशक्तिमा भर पर्छ । तर प्रधानमन्त्री प्रचण्ड र अहिलेको सत्ता गठबन्धनले बनाउन सकिने दलित समुदायलाई उपेक्षा गरेको उदाहरण अहिलेको मन्त्रिपरिषद् एउटा हो । कतिसम्म भने नेकपा एमालेले पार्टी सचिवको नेतृत्वमा सरकारमा जाने निर्णय गरिरहँदा लामो समयदेखि अवसर नपाइरहेका अर्का पार्टी सचिव छविलाल विश्वकर्मा मन्त्री हुन पाएनन् । सत्ता निर्माण, ऐन कानुन बनाउनेदेखि जनताको आवाज मुखरित हुने संसद्मा समेत दलित समुदायका नेताहरूलाई मुख्य जिम्मेवारी दिइएको पाइदैन । तर प्रगतिशील शक्ति र संविधानको रक्षक आफूलाई दावी गर्न प्रधानमन्त्री प्रचण्ड सहित सबैजसो दलबीच होड चलिरहेको छ ।

# बोल्शेविक क्रान्ति र क्रुप्स्काया

इतिहास



● लोकनारायण सुवेदी

नादेज्दा क्रुप्स्काया अक्टोबर क्रान्तिका नेता भ्लादिमिर लेनिनकी जीवनसाथी मात्रै थिइनन् त्यसभन्दा अझ बढी उनी सही अर्थमा सच्चा बोल्शेविक क्रान्तिकारी महिला नेतृ पनि थिइन् । वास्तवमा क्रुप्स्काया सन् १९१७ को बोल्शेविक क्रान्तिका अग्रणी सेनानीहरूमा त्यति बेलै सामेल भएकी थिइन्, जतिबेला लेनिन र उनको पिँढीका युवा क्रान्तिकारीहरू समूह-समूह बनाएर मजदुर र विद्यार्थीहरू बीच काम गर्ने गर्दथे । क्रुप्स्काया त्यतिबेलै लेनिनको सम्पर्कमा आएकी थिइन् र सन् १८९७ मा लेनिनको गिरफ्तारीको केही समयपछि उनलाई पनि गिरफ्तार गरिएको थियो । क्रुप्स्कायाको गिरफ्तारीपछि जार शासकले लेनिनलाई साइबेरियाबाट निष्कासन गर्ने सजाय सुनाएका थिए । त्यतिबेलै लेनिनले क्रुप्स्कायालाई एउटा पत्र लेखेर विवाहको प्रस्ताव गरेका थिए । जारकालीन नियमअन्तर्गत लेनिनकी पत्नी बनिसकेपछि क्रुप्स्कायालाई पनि साइबेरिया पठाइएको थियो ।

सन् १९०५ को असफल क्रान्तिपछि रूसमा जार पुलिसको दमनबाट बच्नका लागि लेनिन विदेश लागे । नादेज्दा क्रुप्स्काया पनि उनीसँगै गइन् । त्यहाँ नेतृत्वका कामरेडहरूसँग पार्टी निर्माण र क्रान्तिको योजनाका लागि पनि सहभागी बन्नुका साथै क्रुप्स्काया यूरोपको महिला आन्दोलनमा पनि सक्रिय रहेकी थिइन् । अनि रोजा लग्जेम्वर्ग, क्लारा जेटकिन, अलेक्सान्द्रा कोलोन्ताई, इमेसा आर्मा जस्ता अग्रणी समाजवादी महिला नेताहरूसँग मिलेर रूसको मात्रै होइन पूरै यूरोपको महिला आन्दोलनको लागि समेत महत्वपूर्ण योगदान दिइन् । महान् अक्टोबर समाजवादी क्रान्तिपछिका निकै कठिन दिनहरूमा हर राजनीतिक संघर्षमा क्रुप्स्कायाले सही अडान लिँदै संघर्षमा सहभागी भइरहिन् । कृषिको सामुहिकीकरणको प्रश्नलाई लिएर ट्रट्स्की, बुखारिन, जिनोभिए आदि नेताहरूको गलत लाइनको उनले डटेर बिरोध गरिन् र स्टालिनका सही नीतिहरूको समर्थन गरिन् ।

त्यतिबेला रूसमा आनातोली लूनाचास्नी शिक्षा विभागको कमिसार थिए भने क्रुप्स्काया शिक्षा विभागको उप कमिसार थिइन् । त्यसबेला नादेज्दा क्रुप्स्कायाले यस विषयमा महत्वपूर्ण सैद्धान्तिक योगदान गरेकी थिइन् । समाजवादी समाजमा प्रारम्भिक शिक्षा के-कस्तो हुनुपर्दछ र पोलिटेक्निकल (बहु-प्राबिधिक) शिक्षाको स्वरूप के-कस्तो हुनुपर्दछ ? अनि महिला मुक्तिका सवालमा क्रुप्स्काया लगातार सक्रिय रहिन् र लेनिनवादी नीतिहरू लागू गर्ने पक्षमा दृढ रहिन् ।

लेनिन र क्रान्तिकारी दिनहरूका बारेमा जति पनि संस्करणहरू लेखिएका छन्, तीमध्येमा नादेज्दा क्रुप्स्कायाका संस्मरणहरूमा हामीलाई बोल्शेभिक क्रान्तिकारीहरूको फलामे दृढ चरित्रको निर्माणका सबैभन्दा जीवन्त अभिव्यक्ति मिल्दछन् । क्रुप्स्कायाको १४४औं जन्म तिथि २७ फेब्रुअरी तथा ७४औ स्मृति दिवसमा २७ फेब्रुअरी १९३९को अवसरमा श्रद्धाञ्जली व्यक्त गर्दै भारतको एउटा प्रगतिशील पत्रिका 'मजदुर बिगुल'ले त्यसका पाठकहरूका लागि उनकै लेखनीबाट 'कम्युनिष्ट नैतिकताका सम्बन्धमा लेनिनका विचार' आफ्ना पाठहरूलाई केही अंश प्रस्तुत गरेको छ । त्यसमा भनिएको छ -लेनिनको सम्बन्ध त्यस पिढीसँग थियो जो पेशारेभ शेड्रिन, नेक्रासोभ, दोब्रोल्यूबोभ तथा चेर्नीशेब्स्कीको प्रभावमा उन्नाइसौं शताब्दीका सातौं दशकका क्रान्तिकारी जनवादी कविहरूको प्रभावमा पालिएको वा परेको थियो । 'ईस्क्रा' (सेण्टपिट्सवर्गबाट १८५९ देखि लिएर १८७३ सम्म प्रकाशित हुने गरेको व्यंग्य पत्रिका)का पुराना अर्धदास व्यवस्थाका अवशेषहरूका निर्माताहरूसँग ठट्टा गर्ने गर्दथे, दुराचारिता, दासवृत्ति, चाकडी, धोकाधडी, सतहीपना तथा हाकिम गिरीको तौर तरिकामाथि कठोर व्यंग्य प्रहार गर्दथे । १९औं शताब्दीका सातौं दशकका लेखक भन्ने गर्दथे कि जीवनको अझ बढी निकटबाट अध्ययन गरिनुपर्दछ र पुरानो सामन्ती व्यवस्थाका अवशेषहरूलाई खोलेर सामुमा राखिदिनु पर्दछ । लेनिन आफ्नो प्रारम्भिक जीवनदेखि नै सतही, गफ लडाउने कुरालाई समयको व्यर्थ बर्बादी, सामाजिक हितबाट पारिवारिक जीवनलाई अलग्गै राख्ने जस्ता कुरालाई मन पराउँदैनथे ।

